# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं आषाढ ९ गते २०१५ साल

### सर्वोच्च अदालतको सूचना

शुरु अड्डाबाट जितेका मुद्दाका फैसलाबमोजिम बिगो भर्नु भराउनु, बंध छुट्याउनु चलन, चलाउनु, दाखिल खारेज रजिष्ट्रेशन गर्नु पर्ने समेतमा ऐनबमोजिम गरी पाऊँ भनी फैसला भएका मितिले ऐनका म्यादभित्र दरखास्त दिनुपर्नेमा शुरुमा हार्ने झगडियाको अपील परे अन्तिम फैसला भएपछि मिसिल जिल्लामा जान ढीला भएपा सो अन्तिम फैसला भएको मिति जनाउ बेगर थाहा हुन नसकेको कारणबाट म्याद गुज्रन जाने भएकोले यस विषयमा अपील अड्डाबाट फैसला हुँदा हार्ने झगडियाले अपील दिन पाउनेमा अपील नगरे अपीलको म्याद भुक्तान भएपछि र अपील दिएकोमा अन्तिम फैसला भएको मितिले ७ दिनभित्र अन्तिम फैसला गर्ने अड्डाले नै जित्ने झगडियालाई यो मुद्दा यस्तो ठहरी यस मितिमा फैसला भयो भन्ने जनाउ दिने पठाउने गर्नु र जनाउ बुझेको भरपाई मिसिल शामेल राख्नु भन्ने ०१२।११.२८ मा भू. पू. प्रधान न्यायाधीश श्री हरिप्रसाद प्रधानका सिंगल बेन्चबाट आदेश भै गएको लेखिए तापनि उक्त आदेशमा सो अघि



२६१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस किसिमबाट छिनिएका मुद्दामा यसो गर्नु भन्ने खुलेको नदेखिनाले त्यसको निर्णयको लागि ०१४। ६। २५। ६ मा र पुनः ०१५। २। ३। ६ का सर्वोच्च अदालतको फूलकोर्टको बैठकमा पेश हुँदा यस विषयमा म्याद थामी पाउँ भनी पर्न आएका र अब पर्न आउने निवेदनका हकमा समेत तल्लो तहबाट हार्ने झगडियाले अपील गर्दा उपल्लो तहबाट इन्साफ सदर भएकोमा सो मिसिल जिल्ला जिल्लामा पुग्न दायम लाग्ने र म्यादभित्र मिसिल पुगे पनि गाउँ पहाड कुना कुनामा रहने जित्ने झगडियाले अन्तिम फैसला भएको मिति थाहा नै नपाउने अवस्था पर्न गै फैसला भएका मितिले ऐन ऐनमा तोकिएको म्यादभित्र फैसलाबमोजिम गराई पाउने म्याद गुज्रन जाने हुनाले फैसला हुँदा रोहवरमा नभएका जित्ने झगडियालाई अन्तिम फैसला भएको जनाउ दिने र सो जनाउ पाएको मिति कायम गरी फैसलाबमोजिमको काम गरिदिने गर्नु गराउनु भनी सदर अमिनी गोस्वारा र सदर पहाड अपील अड्डाहरूलाई लेखि ठाउने भन्ने निर्णय भएकोले सोबमोजिम गर्न गराउन उक्त अड्डाहरूलाई लेखी गएको कुरा सर्वसाधारणले थाहा पाउन भन्ना निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञा ले—
डम्बरप्रसादसिंह
का. मु. रजिष्ट्रार-सर्वोच्च अदालत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।